ग. गाउँपालिका भित्र गाउँपालिकाको मातहतमा काम गर्ने सम्पूर्ण कर्मचारीहरुको प्रोत्साहन भत्ता सम्बन्धमा मुल्याङकन तथा सुपरिवेक्षण प्रमुख प्रशासकिय अधिकृतद्वारा हुनेछ ।

घ. गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हकमा मुल्याङकन तथा सुपरिवेक्षण गाउँपालिकाको अध्यक्षद्वारा हुनेछ ।

ङ. कर्मचारीले निर्दिष्ट गरिएको कार्यविववरणका सम्पूर्ण कुराहरु पालना भएको सूचना फारम प्रत्येक महिनाको ३ गते भित्र पेश गरि दर्ता भएमा मात्र प्रोत्साहन भत्ता पाउन योग्य मानिनेछ । अन्यथा कार्यविववरण अनुसार काम भएको भएता पनि प्रोत्साहन भत्ता पाउनवाट वञ्चित हुनु पर्नेछ ।

च. प्रमुख प्रशासकीय अधिकृतको हकमा निजले प्रत्येक महिनाको गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

छ. नेपाल सरकारवाट नियुक्ति पाई कार्यविवरण बमोजिम कार्य सम्पादन गरेका कर्मचारीहरुलाई मात्र प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

ज. वडा सचिवहरुको हकमा हाजिर प्रमाणित वडा अध्यक्षद्वारा गराइने छ भने गाउँकार्यपालिकाको कार्यालयको हकमा प्रमुख प्रशासकिय अधिकृतबाट हुनेछ भने प्रमुख प्रशासकीय अधिकृतको हकमा गाउँपालिकाको अध्यक्षद्वारा हुनेछ ।

## ६. गुनासो व्यवस्थापन

क. वडा कार्यालयको हकमा यदि वडा सचिव आफ्नो मासिक मूल्याङकन तथा सुपरिवेक्षण नतिजा बाट असन्तुष्ट छ भने निजले कारण खुलाई मासिक कर्मचारी बैठक भन्दा कम्तिमा सात दिन अगाडि प्रमुख प्रशासकिय अधिकृत समक्ष तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ र प्रमुख प्रशासकिय अधिकृतले मुल्याङकन पुनरावलोकन गर्न सक्नेछ र प्रमुख प्रशासकीय अधिकृतको निर्णय नै अन्तिम हुनेछ ।

ख. उक्त निवेदन माथि काम कार्वाहि चले सम्म निवेदकले पाउने प्रोत्साहन भत्ता रोक्का गरिनेछ र निवेदनको औचित्य पुष्ट्याइ भइ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | बैठक | नियमित मासिक स्टाफ बैठकमा भाग लिई निर्देशित लक्ष्य पुरा गरेको | गरेको | नगरेको | ५ | | | |
| ७ | योजना प्रगति | उ.स.गठन, सम्झौता र फरफारक सम्बन्ध कागजात तयार गरेको | गरेको | नगरेको | १० | | | |
| ८ | अनुगमन | नियमित योजनाको अनुगमन गरी प्रतिवेदन पेश गर्ने गरेको । | गरेको | नगरेको | ५ | | | |
| ९ | उजुरी र गुनासो | वडा कार्यालयमा प्राप्त हुने जनगुनासो र उजुरी व्यवस्थापन गरेको | गरेको | नगरेको | ५ | | | |
| १० | अत्तिरिक्त समयमा कामकाज | कार्यालय समय भन्दा अन्य समय र विदाका दिन कामकाज गरेको | गरेको | नगरेको | ५ | | | |
| ११ | आम्दानी | हरेक दिन संकलन गरेको राजस्वलाई म.ले.प फा.नं १०८ मा भरी मसान्तमा बैंक दाखिला भै सके पश्चात हरेक महिनाको ३ गते भित्र आम्दानी तथा दाखिलाको सम्पूर्ण विवरण गा.पा. मा बुझाएको | गरेको | नगरेको | २० | | | |

वडा सचिवको लागि मात्र :

द्रव्यष्टः- यो प्रयोजनका लागि काजमा बसेको बेला कार्यालय भित्र कामकाज गरेको नमानिने ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | योजना | योजना कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण प्रतिवेदन तयार गरि पृष्ठपोषण सहित कार्यपालिकामा पेश गरेको | गरेको | नगरेको | २० | | | |
| ६ | कार्यसम्पादन | तोकेको लक्ष्य तथा कार्ययोजना अनुसार कार्यसम्पादन गरेको | गरेको | नगरेको | १५ | | | |
| ७ | अतिरिक्त समय कामकाजमा खटेको | कार्यालय समय बाहेकको समय तथा बिदामा कामकाज गरेको | गरेको | नगरेको | १० | | | |

द्रव्यष्टः- यो प्रयोजनका लागि काजमा बसेको बेला कार्यालय भित्र कामकाज गरेको नमानिने ।

अनुसूची ५

## कर्मचारी प्रोत्साहन भत्ता मूल्याङ्कन फारम

कर्मचारीको नामः मूल्याङ्कन भएको महिना :

पदः कार्यालयः

| क.स. | सूचक | व्याख्या | मापनका आधार | अंकभार | प्राप्ताङ्क | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|

